# कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बनियानी, झापा

पत्र संख्या: २०७९/०८० (रोजगार शाखा)
चलानी नं. ३५१४

कोशी . प्रदेश, नेपाल
मिति :- २०८० -०२ -२९

श्री वडा कार्यालय सवै
कचनकवल गापा ,झापा ।

विषय: रोजगारमूलक योजना बार्षिक कार्याकममा समावेश गर्ने सम्वन्धमा ।

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत प्रत्येक वडामा सूचिकृत वेरोजगारहरुलाई १०० दिनको न्यूनतम रोजगरी प्रदान गर्ने व्यवस्था रहेको विदितै छ । यस गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालन गर्नका लागि प्रत्येक वडा कार्यालयमा आ.व. २०८०।८१ को आयोजना छनौट गरी गाउँ सभावाट स्वीकृत गराइ बार्षिक कार्याकममा समावेश गर्नुपर्ने र यिनै आयोजनाहरुमा सूचिकृत व्यक्तिहरुलाई रोजगारी दिनुपर्ने भएकोले प्रत्येक वडामा आ.व.२०८०।८१ मा सन्चालन गर्ने आयोजनाहरु छनौट गरी मिति २०८०।०३।०७ गते भित्रमा गाउँपालिकाको कार्यलय तथा रोजगार सेवा केन्द्रमा उपलब्ध गराइदिनुहुन अनुरोध छ। साथै यस कार्यक्रम अन्तरगत सन्चालन हुने आयोजनामा ज्यालाको रकम मात्र विनियोजन हुने भएकोले आयोजनाहरुको प्रभावकारी सन्चालनका लागि अनिवार्य Matching Fund को व्यवस्था गरी सो मा रकमको व्यवस्थापन गर्नुहुन यसै पत्र साथ जानकारी गराइन्छ । रोजगार आयोजनाका सम्भावित क्षेत्र यसै पत्र साथ संलग्न राखि पठाइएको छ ।

तपशिल

- सडक निर्माण तथा सम्भार -सडक मर्मत तथा निर्माण , स्तर वृद्दि आदि
- कृषि तथा सिचाई -कुलो,पैनी ,पोखरी मर्मत तथा भण्डार गृह निमाण तथा मर्मत,पर्ति जग्गामा खेति , खाली जग्गामा फलफूलका विरुवा रोप्ने , सामुहिक तथा सहकारी खेती आदि
- खानेपानी तथा सरसफाई- खानेपानी पाइप लाइन विस्तार तथा मर्मत,ट्यांकी धारा र शौचालय निर्माण तथा मर्मत वा सोही प्रकृतिका सरसफाइ सम्वन्धी कियाकलाप आदि
- वन तथा वातावरण – वृक्षारोपण, वाँध पहिरो नियन्त्रण ,वन संरक्षण आदि
- पर्यटन प्रवद्धन – पर्यटन पदमार्ग , चौतारा ,विश्रामस्थल मर्मत तथा सम्भार आदि
- शिक्षा युवा तथा खेलकुद – भवन ,खेल मैदान निमार्ण तथा मर्मत सम्भार
- स्वास्थ्य -स्वास्थ्य पूर्वाधारको निर्माण तथा मर्मत सम्भार आदि

०४/२९

नि· प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ श्री सूचना प्रविधि शाखा: गापाको वेवसाइटमा अपलेड गरिदिनुहुन

नि· प्रमुख प्रशासकीय अधिकृत